# पूर्वाञ्चल विश्वविद्यालय
## परीक्षा व्यवस्थापन कार्यालय
विराटनगर, नेपाल

☎: ०२१-४६५२४०
इमेल : puoemgt@puexam.edu.np
वेबसाइट : www.puexam.edu.np


प.सं. : ६९५।०८१।०८२
च.नं. :

मितिः वि.सं. २०८२/३/२५
इ.सं. २०२५/७/९

श्री क्याम्पस प्रमुखज्यू,

तपसिलमा उल्लेखित विभिन्न संकाय अन्तर्गत विभिन्न शैक्षिक कार्यक्रम(हरु) सञ्चालन गर्ने यस विश्वविद्यालयका आंगिक तथा सम्बन्धन प्राप्त सम्पूर्ण क्याम्पस/कलेज/स्कूलहरु

*विषयः नाम–दर्ता (Registration) बारे ।*

यस विश्वविद्यालयद्वारा शैक्षिक वर्ष २०८२/८३ (इ.सं. २०२५ समूह)का लागि तपसिलमा उल्लेखित संकाय अन्तर्गत विभिन्न शैक्षिक कार्यक्रमहरूको प्रथम सेमेस्टर/वर्षमा प्रवेश लिएका विद्यार्थीहरूको विश्वविद्यालयमा नाम-दर्ता (Registration) गर्न गराउन रजिस्ट्रेशन फर्म भर्ने भराउने सम्बन्धी निर्देशिका अनुसार यस कार्यालयद्वारा तोकिएको Online Website मार्फत विद्यार्थीहरूको आवश्यक विवरण भरी तथा सम्बन्धित विद्यार्थीहरूबाट तोकिएको रजिस्ट्रेशन फर्म भरी/भराई उक्त निर्देशिकामा उल्लेख भए अनुसारका प्रमाण-पत्रहरू र आवश्यक शुल्कको बैंक भौचरसहित मिति २०८२/४/२३ (इ.सं. २०२५/८/८) गते भित्र सोही निर्देशिकामा उल्लेखित माध्यमबाट यस कार्यालयमा बुझाउन हुन जानकारी गराउँदछु ।

तोकिएको समय भित्र रजिस्ट्रेशन फर्म भर्न भराउन छुट भएका विद्यार्थीहरूको नियमानुसार लाग्ने शुल्कको दोब्बर दस्तुर सहित मिति २०८२/४/३० (इ.सं. २०२५/८/१५) गते भित्र उपरोक्तानुसार (Online समेत) रजिस्ट्रेशन फर्म भरी भराई जम्मा हुन आएको रकमको बैंक भौचरसाथ उक्त रजिस्ट्रेशन फर्म(हरू) सोही निर्देशिकामा उल्लेखित माध्यमबाट यस कार्यालयमा बुझाउनु पर्ने छ ।

नोटः रजिस्ट्रेशन फर्महरू यसै पू.वि., परीक्षा व्यवस्थापन कार्यालय तथा सिनामंगल, काठमाडौं स्थित पू.वि., परीक्षा व्यवस्थापन इकाइ कार्यालय मार्फत उपलब्ध गराइने छ ।

साथै, माथि उल्लेखित निर्देशिका यस परीक्षा व्यवस्थापन कार्यालयको website (www.puexam.edu.np) मार्फत् उपलब्ध गर्न सकिने छ ।

तथा, रजिस्ट्रेशन फर्महरू समेत सोही website बाट download गरी प्रयोग गर्न सकिने छ ।

तपसिल

| संकाय | तह | शैक्षिक समूह (इ.सं.) | परीक्षा प्रणाली | टिप्पणी |
|---|---|---|---|---|
| कला | स्नातकोत्तर | २०२५ | वार्षिक / सेमेस्टर | |
| व्यवस्थापन | स्नातकोत्तर | २०२५ | सेमेस्टर | Spring समूह समेत |

बालेन्दु हमाल
(परीक्षा नियन्त्रक)